नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(................................................................शाखा)

प.सं. :

च.नं. :

सिंहदरवार, काठमाण्डौं

## प्रेस विज्ञप्ति

संवत १९१० सालमा बनी २०२० सालमा रुपान्तरण गरिएको मुलुकी ऐनलाई खारेज गरी समयानुकूल कानूनी व्यवस्था गर्न मुलुकी देवानी संहिता, २०७४, मुलुकी देवानी कार्यविधि संहिता, २०७४, मुलुकी अपराध संहिता २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लागू भएको १ वर्ष पूरा भएको सन्दर्भमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयद्वारा प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयसँगको सहकार्यमा सबै प्रदेशमा **"मुलुकी संहिताहरु कार्यान्वयनको एक वर्षः समीक्षात्मक अन्तरक्रिया कार्यक्रम"** को आयोजना सफलतापूर्वक सम्पन्न गरिएको छ।

संहिताहरु कार्यान्वयनमा संलग्न हुने निकायका अनुभव, परेका समस्या तथा त्यस्ता समस्या समाधानको लागि गर्नु पर्ने सुधारका विषयमा केन्द्रित रहेर छलफल तथा अन्तरक्रिया गरिएको उक्त कार्यक्रममा प्रदेश सरकारका प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्री लगायत प्रदेश सरकारका उच्च पदस्थ अधिकारी तथा अन्य सरोकारवालाको उपस्थिति रहेको थियो।

कार्यक्रममा उपस्थित सरोकारकर्ताहरूले मुलुकी ऐनमा रहेका तर संहिताहरूमा समावेश गर्न छुट भएका कतिपय उपयुक्त विषय संहितामा समावेश गरिनु पर्ने कुरा औंल्याउनु भएको थियो। यी छलफलहरूमा संहिताबाट व्यवस्था गरिएका बिवाहको उमेर, सम्बन्ध विच्छेद, अंश अपुताली, पक्राउ पूर्जी र अनुसन्धान जस्ता विषयमा धेरै सहभागीहरूले टिप्पणी र जिज्ञासा राख्नु भएको थियो। कतिपय प्रदेशमा न्यायिक समितिबाट प्रतिनिधित्व गर्नु हुने सहभागिहरूले स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धि गर्नु पर्ने विषयमा समेत जोड दिनु भएको थियो।

छलफल तथा अन्तरक्रिया कार्यक्रममा अधिकाँश सहभागीहरूले संहिताको व्यवस्थाहरूको वुझाइमा एकरूपता कायम गर्नको लागि कानून कार्यान्वयनमा संलग्न हुने निकाय तथा पदाधिकारीहरूलाई क्षमता अभिबृद्धि तथा अभिमुखीकरण कार्यक्रम तथा सर्वसाधारणको जानकारीको लागि सचेतनामुलक कार्यक्रम सञ्चालन गर्नु पर्ने धारणा व्यक्त गर्नु भएको थियो।

छलफल तथा अन्तरक्रिया कार्यक्रम सफल रूपमा सम्पन्न गर्न महत्वपूर्ण सहयोग पुर्‍याउने प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय, कार्यक्रममा उपस्थित हुनु हुने अतिथिहरू, कार्यपत्र प्रस्तुतकर्ता लगायत सबै सरोकारवालालाई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय हार्दिक धन्यबाद व्यक्त गर्दछ।

२०७६।४।८

(कमलराज गौतम)

उपसचिव एवं सहप्रवक्ता